# प्रेस विज्ञप्ती

## नेपाल व्यापार सूचना पोर्टलको Soft Launch कार्यक्रम सम्पन्न

संविधान दिवस तथा राष्ट्रिय दिवस २०७६ को अवसर पारेर नेपालको वैदेशिक व्यापार प्रवर्द्धन तथा सहजीकरण गर्ने उद्देश्यले व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रबाट विश्व बैंक समूहको सहयोगमा नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना अन्तर्गत निर्माण एवं विकास गरिएको विस्तारित नेपाल व्यापार सूचना पोर्टलको माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृका प्रसाद यादवज्यूबाट मिति २०७६ आश्विन २ गते विहिबार Online को माध्यमबाट पोर्टलको वेभसाईट staging.nepaltradeportal.gov.np र NTIP Mobile App को शुभारम्भ गर्नु भयो । उक्त अवसरमा माननीय मन्त्रीज्यूले आजको २१ औं शताब्दीको Technology को दुनियाँमा अन्य मुलुकहरु कहाँ पुगिसक्यो हामी भने बल्ल वामे सर्न लागेका छौ भन्नु हुँदै यस पोर्टलले मिडियाका साथीहरु, व्यवसायीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुले day to day नभई छिन छिनमै अद्यावधिक सूचना/जानकारीहरु प्रविधिको प्रयोगले सहजै प्राप्त गर्न सक्ने र यसले व्यापार क्षेत्रमा पारदर्शिता ल्याई सुशासनमा समेत ठूलो टेवा पुग्ने बताउनु भयो । सो अवसरमा माननीय मन्त्रीज्यूबाट निजी क्षेत्रका साथीहरुले पनि सक्दो सहयोग पुर्‍याउन आग्रह गर्नु हुँदै निजी क्षेत्रले यस पोर्टलमा यो पुगेको छ/छैन भनेर राय सुझाव दिनु हुन र यसलाई राष्ट्रिय सम्पत्तिको रुपमा लिन समेत आग्रह गर्नु भएको थियो ।

उक्त कार्यक्रमको अवसरमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका श्रीमान् सचिव (वाणिज्य तथा आपूर्ति तर्फ) ज्यूले यस पोर्टलले सरकारी र निजी क्षेत्र दुवै पक्षलाई सहयोग पुग्ने र सूचनाहरुलाई डाईनामिक बनाउने जिम्मेवारी प्रयोगकर्ता कै हातमा हुने समेत बताउनु भयो । साथै यस पोर्टलले व्यापार व्यवसाय गर्न चाहनेलाई अपनाउनु पर्ने विधि, प्रक्रिया बारे जानकारी प्रवाह समेत हुने र विश्वको कुनै पनि कुनामा बस्ने विदेशीले त्यो वस्तु कस्ले कस्तो बनाएको छ सोझै पोर्टलबाट खोज्ने हुँदा निजी क्षेत्रलाई आफ्नो वस्तु तथा व्यवसायीक प्रोफाईल आकर्षक रुपमा पोर्टलमा राखिदिनु हुन आग्रह गर्नु भयो । उक्त अवसरमा श्रीमान् सचिवज्यूले निजी क्षेत्रका आ-आफ्नै पोर्टल भएता पनि यस पोर्टलबाट समग्रमा सबै विषय वस्तुको जानकारी सहज रुपमा पारदर्शी हिसावले प्रवाह गर्ने पोर्टल हो भन्नु हुँदै निजी क्षेत्रबाट प्राप्त हुने Information feedback र comment जहिले पनि स्वगतयोग्य रहने बताउनु भयो ।

यस कार्यक्रमको अवसरमा केन्द्रका कार्यकारी निर्देशक श्री सरद विक्रम राणाले आजबाट सञ्चालनमा आएको पोर्टल मार्फत Real Time Information प्रवाह हुने बताउनु भयो । उक्त अवसरमा WTO को Trade Facilitation Article 1 & 2 मा सूचनाको पारदर्शिता उल्लेख भएवमोजिम यस पोर्टल निर्माणको थालनी भएको कुराको जानकारी समेत दिनु भयो साथै पोर्टललाई थप सेवाग्राही मैत्री बनाउन केन्द्र लागि पर्ने र निजी क्षेत्रलाई पनि यस पोर्टलको सर्वाधिक प्रयोग गर्न आग्रह गर्नु भयो ।

सूचना अधिकारी

यस अवसरमा निजी क्षेत्रका प्रतिनिधिहरुले यस पोर्टलको शुरुवातको सह्राना गर्दै निजी क्षेत्रलाई पनि पोर्टलमा उल्लेखित विषय वस्तुहरुका सम्बन्धमा Orientation आवश्यक रहेको र त्यसको लागि निजी क्षेत्र सहयोग गर्न तयार रहेको बताउनु भयो ।

उक्त कार्यक्रममा केन्द्रका निर्देशक श्री सुरेन्द्रनाथ गोंगलले पोर्टलमा उल्लेख भएको Features का बारेमा विस्तृत रुपमा जानकारी दिनुभयो । आजबाट सञ्चालनमा आएको Nepal Trade Information Portal मा निर्यात व्यापारसंग सम्बन्धित नीति नियम, प्रावधान, निर्यातकर्ताहरु एवं सेवाग्राहीहरुको विवरण, निर्यातयोग्य वस्तुहरुको विवरणका साथै व्यापार सूचना तथा तथ्याङ्कहरु समावेश रहेका छन् । साथै निर्यातकर्ताहरुले आफ्नो व्यवसायको विवरण आफै पोर्टलमा प्रविष्टि गर्ने व्यवस्था रहेको हुँनाले केन्द्रबाट सबै सरोकारवालाहरुलाई आ-आफ्नो विवरण प्रविष्टि गरिदिनु हुन अपिल गरिएको छ र केन्द्र सदैव राय र सुझावको अपेक्षा राख्दछ ।

२०७६।०६।०२

सूचना अधिकारी